थाहानगरमा १५ शैय्या अस्पताल शिलान्यास । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२५०७८२
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-२१ ● २०७७ मंसिर २२ गते सोमबार, ● 07 Dec. 2020, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## 'थाहाको उत्कृष्टता कायम गरौं': प्रमुख खुलाल



विकास संवाददाता
थाहा नगर

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले थाहा नगरपालिकाले मकवानपुर जिल्लामै स्थानीय तहहरू मध्ये उत्कृष्ट कार्य गर्ने गरेको स्मरण गर्दै प्रशंसा गरेका छन् । प्रमुख खुलालले थाहा नगरपालिकाको प्रथम चौमासिक अनुगमनको क्रममा यस्तो बताएका हुन् । 'थाहानगरले गर्ने उत्कृष्टताहरूलाई पनि थप व्यवस्थित भने गर्न आवश्यक छ', थप सुझाव दिदै प्रमुख खुलालले भने-'नगरपालिकाको समग्र विकासका लागि आर्थिक र सामाजिक विकास, नागरिकलाई स्वरोजगार तथा आर्थिक रूपमा सम्पन्न हुने खालका कार्यक्रम सञ्चालन तर्फ थप ध्यान दिनुपर्छ ।' यसका लागि पर्यटन विकासको प्रचुर संभावना रहेको थाहा नगरपालिकाले त्यसतर्फ थप ध्यान दिन आवश्यक रहेको प्रमसख खुलालले सुझाए ।

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको टोलीले १८ मंसिरमा जिल्लाको थाहा नगरपालिकाको अनुगमन गरेको हो । जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको नेतृत्वममा रहेको टोलीले चालु आर्थिक वर्षको पहिलो चौमासिकको प्रगतिका बारेमा अनुगमन गर्नुका साथै समिक्षा गरेको थियो ।

> चालु आर्थिक वर्षको पहिलो चौमासिकमा लागत इस्टिमेट तयार, उपभोक्ता समिति गठन, सम्झौता प्रकृया लगायतको कार्य भए/नभएको बारेमा अनुगमन गर्नुका साथै समिक्षा गरिएको थियो

टोलीले चालु आर्थिक वर्षमा स्थानीय तहहरूमा गर्नुपर्ने कामहरू सम्पन्न भए/नभएको साथै अघिल्लो आर्थिक वर्षमा आइपरेका समस्याका बारेमा जानकारी लिएको छ । आर्थिक वर्षको पहिलो चौमासिकमा लागत इस्टिमेट तयार, उपभोक्ता समिति गठन, सम्झौता प्रकृया लगायतको कार्य भए/नभएको बारेमा अनुगमन गर्नुका साथै समिक्षा गरिएको जिसस प्रमुख खुलालले जानकारी दिए ।

अनुगमन टोलीलाई थाहा नगरपालिकाका प्रमुख लबशेर बिष्ट र प्रमुख प्रशासकिय अधिकृत हरिलाल पुरीले हालसम्मको अवस्थाका बारेमा जानकारी गराएका थिए । कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख लबशेर बिष्टले चालु आर्थिक वर्षको फागुन मसान्त सम्ममा सबै योजनाहरू सम्पन्न गर्ने गरि योजना कार्यान्वयन तालिका तयारी गरी सोही बमोजिमका कामहरू भैरहेको जानकारी दिए । उनले असारे विकासको परिपाटिलाई अन्त्य गर्ने गरि योजना कार्यान्वयन तालिका बनाइएको पनि बताए ।

यस्तै प्रमुख प्रशासकिय अधिकृत पुरीले विश्व महामारीकै रूपमा रहेको कोभिड-१९ का बाबजुद पनि पहिलो चौमासिकमा करिब २० प्रतिशत वित्तिय प्रगति भएको र नगरपालिकाको योजना अनुसार समयमै कार्य सम्पन्न गर्ने गरि काम अगाडी बढाईएको बताए ।

कार्यक्रममा जिसस उपप्रमुख भगवती पुडासैनी, सदस्यहरू देवराज रिमाल, चित्रबहादुर बलामी, समन्वय अधिकारी आनन्दराज पोखरेल, नायब सुब्बा उपेन्द्रनाथ पोखरेल, थाहा ३ वडा वडा ध्यक्ष राजेश केसी, वडा नम्बर ६ का शशीधर सुवेदी, वडा नम्बर १० का हिराबहादुर गमाल, कार्यपालिका सदस्य कविता कार्कीलगायत थाहा नगरपालिकाका विभिन्न शाखा प्रमुख तथा कर्मचारीहरूको उपस्थिती थियो ।

## पालुङ जेसीजको अध्यक्षमा लामा

◆ विकास संवाददाता



मकवानपुर थाहानगरमा क्रियाशील पालुङ जेसीज वर्ष २०२१ को अध्यक्षमा नवराज लामा विजयी भएका छन् । वर्ष २०२० मा महासचिव रहेका लामाले अध्यक्षका अर्का उमेद्वार जयराम खत्रीलाई २६ मतको भारी अन्तरले पराजित गरेका हुन् । पालुङ जेसीजको सभाहलमा भएको निर्वाचनमा कुल १ सय ३६ मत खसेकोमा लामाले ८१ र खत्रीले ५५ मत पाएका हुन् । निर्वाचनमा खसेको सबै मत सदर भएको थियो ।

यसअघि अध्यक्षका उमेद्वार अनिता विष्ट, संगम कार्की र विक्रम केसीले उमेद्वारी फिर्ता लिएपछि लामा र खत्री बीच निर्वाचन भएको निर्वाचन अधिकृत कुमार नेगीले जानकारी दिए । नव निर्वाचित अध्यक्ष लामाले वर्ष २०२१ मा संचालन हुने क्षेत्र 'ख' सम्मेलन सफल पार्ने योजनाको प्रतिवद्धता व्यक्त गरेका छन् । यसका लागि सम्पूर्ण जेसीज सदस्य, संघ संस्था, राजनीतिकदल तथा आम सरोकारवालाहरूलाई आग्रह गरेका छन् । उनले समाजसेवाको आर्थिक क्षेत्र सबल हुनुपर्ने बताउँदै वर्ष २०२१ मा युवाहरूलाई आर्थिक सवलीकरणका कार्यक्रम र नेतृत्व विकासका कार्यक्रमलाई संगसंगै अघि बढाउने घोषणा गरेका छन् । लामा सामाजिक क्षेत्रका उदियमान युवाको रूपमा स्थापित हुँदै आएका छन् ।

त्यसैगरी पालुङ जेसीजको कार्यकारी उपाध्यक्षमा बिक्रम गोपाली र सुशान्त गोपाली तथा उपाध्यक्षमा संजय गोपाली, माधव कार्की, जनक तामाङ र सुविन्द्रमान प्रधान सर्वसम्मत निर्वाचित भएको निर्वाचन अधिकृत नेगीले जानकारी दिए । कार्यकारी उपाध्यक्षमा चार उपाध्यक्ष पदका लागि ८ जनाको उमेद्वारी परेको थियो । पालुङ जेसीज सन् २००० मा स्थापना भएको हो ।

यसैबीच नव निर्वाचित अध्यक्ष लामाले राजनीतिक पुर्वाग्रह नराखी जेसीजको सम्पन्न निर्वाचनप्रति खुशी व्यक्त गरे । उनले मतदाता तथा आम जेसीज सदस्यहरूमा आभार व्यक्त गरे ।

सूचना ! सूचना !! सूचना !!!

यस विद्यालयमा संचालित CTEVT (3Yrs. Diploma) कृषि बाली विज्ञान प्रथम वर्षको प्राप्त ४० कोटा मध्ये केही सिट बाँकी रहेकोले यस विद्यालय बाहेक अन्यत्रबाट प्रवेश परीक्षा उतीर्ण गरेका छात्रछात्राहरुलाई पनि भर्ना हुन सकिने व्होरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

प्रिन्सिपल
श्री जनकल्याण मावि
थाहा-३ मकवानपुर

व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता:
व्यक्ति, समाज र सबैको ऐक्यवद्धता ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## लैङ्गिक न्यायका लागि महिला/पुरुषको भूमिका

अहिले लैङ्गिक हिंसाविरुद्धको १६ दिवसीय अभियान चलिरहेको छ। लिङ्गका आधारमा हुने सबै खालका विभेद र असमानताविरुद्ध निरन्तर आवाज उठिरहेका छन्। यस वर्ष कोभिड–१९ को संक्रमणका कारण अभियानका गतिविधि केही साँघुरिएको महशुस गरिए पनि लैङ्गिक हिंसाविरुद्ध आवाज उठिरहेकै छ। लैङ्गिक विभेदविरुद्ध विश्व समुदायलाई जागरुक बनाउन औपचारिकरुपमा १६ दिवसीय अभियान चलेको २९ वर्ष पुगिसक्दा यसको औचित्यमाथि विभिन्न कोणबाट बहस पनि हुन थालेको छ। उपलब्धि के कति भयो भएन भन्ने कोणबाट अभियानमाथि हुने बहसलाई अब लैङ्गिक हिंसा अन्त्यका चुनौतीमाथि केन्द्रित गर्नु बढी श्रेयस्कर हुनेछ।

मुलुकमा मानवअधिकार बहालीका लागि धेरै संघर्ष भएका छन्। राजनीतिक अधिकार प्राप्तिका लागि इतिहासमा भएका ती हरेक संघर्षका मोर्चामा महिलाहरु सहभागी भएका छन्। कतै संघर्षको अग्रमोर्चामा खटिए भने कतै आन्दोलनलाई संरक्षण गर्ने बलियो खम्बाको रुपमा भूमिका निर्वाह गर्न अघि सरे। चाहे त्यो अंग्रेजविरुद्धको नालापानी, कांगडाको युद्ध मैदान होस् चाहे निरंकुश पञ्चायती शासनविरुद्ध भएको आन्दोलन, दशवर्षे जनयुद्ध होस् या २०६२/०६३ को जनआन्दोलन ती हरेक आन्दोलन सफलताका पछाडि नेपाली महिलाको ठूलो योगदान छ। वास्तवमा भन्ने हो भने परिवार, समाज र राज्यका संरचनामा जरा गाडेर बसेको लैङ्गिक विभेद लैङ्गिक हिंसाको प्रमुख कारक हो। विभेद हुनु नै हिसिंत हुनु पनि हो। लैङ्गिक हिंसाले लिङ्गको आधारमा महिला, पुरुष या यौन अल्पसंख्यकमाथि हुने हिंसालाई जनाउँछ। आज पनि विश्व पितृसत्तात्मक संरचनामा आधारित छ। पितृसत्तात्मक सोच महिलाका लागि मात्रै होइन, पुरुषका लागि पनि उत्तिकै घातक छ। पुरुषप्रतिको सामाजिक अवधारणाले उनीहरुलाई पनि मान्छेमात्र हुन दिएको छैन। सामाजिकरुपमा उसलाई बोकाइदिएको भूमिकाले उसलाई कमजोर मात्रै बनाएको छैन, त्यही कमजोरी छोप्न उसलाई हिंस्रक पनि बनाइदिएको छ। पुरुषलाई शक्तिशाली बनाउन उनीहरुलाई केन्द्रमा राखेर बनाइएका नीति नियम, चाल चलन, जीवन व्यवहार र कार्यशैली नफेरिंदा या भनौं परिवर्तन गर्न नसक्दा हिंसा अन्त्यका लागि थालिएका अभियानले अपेक्षित परिणाम हासिल गर्न नसकेको सत्य हो।

समाजमा विद्यमान लैङ्गिक विभेदबाट पीडित पुरुष पनि छन् तर त्यसको कैयौं गुणा बढी पीडित महिलाहरु छन्। प्रहरी, संघसंस्थाहरुमा आउने हिंसा प्रभावितहरु हेर्दा घरभित्र हुने हिंसा बढी देखिने गरेको छ भने त्यस्तो हिंसाको पीडकका रुपमा धेरै पुरुष देखिने गरेका छन्। तर लैङ्गिक हिंसाविरुद्ध खुलेर बोल्नेहरुमा महिलाको तुलनामा पुरुष निकै कम छन्। त्यसो हुँदा समाजमा लैङ्गिक हिंसाविरुद्ध बोल्ने महिलाहरुलाई पुरुष विरोधीको रुपमा चित्रित गरिंदै आइएको छ। तर लैङ्गिक हिंसाविरुद्धको अभियान व्यक्तिको हिंसामुक्त जीवनका लागि त हो नै यससँगै यो त पारिवारिक न्यायको विषय हो। सामाजिक न्यायको विषय हो भन्ने कुरा सबैले मनन गर्नु जरुरी छ। व्यक्तिगत तहदेखि राज्यका तहसम्म हेरेर भन्दा यो अहिलेसम्म अवसर नपाउनेका लागि अवसर, संरक्षणविहीनका लागि संरक्षण, लाभ नपाएकाका लागि लाभ पाउने विषय हो। हामी सबैको साझा विषय हो। लैङ्गिक हिंसाविरुद्ध राज्यले नीतिगत तहमा, कानुन कार्यान्वयनका तहमा प्रभावकारी काम गर्ने र नागरिकले व्यक्तिगत तथा सामाजिक तहमा यस्तो हिंसाविरुद्ध महिला पुरुष बराबर भएर लागिपर्ने हो भने समाजमा कलंकका रुपमा रहिआएको लैङ्गिक हिंसा अन्त्य गर्न अवश्य मद्दत पुग्नेछ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# नेपालमा महिला हिंसा न्यूनीकरणको सवाल



निराजन शर्मा

हरेक वर्षको नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभरि नै लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान मनाउने गरिन्छ। नेपालमा पनि हामीले 'लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धताः व्यक्ति समाज र सबैको ऐक्यबद्धता' भन्ने नाराको साथ लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान मनाइरहेका छौं। दिवस मनाइरहँदा महिला हिंसाको घटनाहरूमा कमी आएको देखिँदैन ।

नेपाल प्रहरीको तथ्याङ्क हेर्दा यो कोरोना महामारीको कारण भएको लकडाउनले घरेलु हिंसाको घटनाहरू दोब्बर वृद्धि भएको देखिन्छ। चालू आवको असोजसम्म सात सय २२ महिला बलात्कृत भएको प्रहरीको तथ्याङ छ। यही वर्ष बझाङमा सम्झना कामी र गत वर्ष कञ्चनपुरमा निर्मला पन्त माथि भएको घटना सम्झँदा नै कहाली लागेर आउँछ। यी र यस्तै घटनाहरूले महिला विरूद्ध हुने हिंसा बढिरहेको सन्दर्भमा हामीले दिवस मनाउने भन्दा पनि न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने प्रश्नमा ध्यान केन्द्रित गर्न जरूरी देखिन्छ।

### के हो महिला हिंसा ?

निजी र सार्वजनिक जीवनमा महिला माथि लक्षित गरी गरिने क्रियाकलाप वा कार्य जसले महिलालाई शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक रूपमा हानी गर्दछ, त्यसलाई नै महिला हिंसा भनेर बुझिन्छ ।

महिला भएकै आधारबाट मानव अधिकारको उपभोगमा गरिने विभेद, शारीरिक तथा मानसिक रूपबाट दिइने पीडा, प्रतिबन्धलगायत जुनसुकै तरिकाबाट महिलाको आत्मसम्मानमा पुऱ्याइने सबै किसिमको आघातलाई महिला हिंसाका रूपमा बुझ्नुपर्छ। जस अन्तर्गत बलात्कार, घरेलु हिंसा, हत्या (कुटपिट), बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बाल विवाह, जवर जस्तीकरणी, र अन्य मानसिक तथा शारीरिक यातनादेखि महिलालाई अपहेलना महसुस हुने कुनै पनि धम्क्याउनेदेखि जिस्क्याउनेसम्मका घटना पर्दछन्।

महिला हिंसा जुनसुकै जातजाति, समुदाय र वर्गहरू, गाउँ र शहर, तल्लो निकायदेखि माथिल्लो निकाय, सर्वहार ादेखि सामन्ती र पुँजीपति वर्गसम्म जता ततै भएको पाइन्छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार महिला विरूद्धको हिंसा भन्नाले शारीरिक, मनोवैज्ञानिक, यौनजन्य र मानसिक हिंसा बुझिन्छ ।

त्यसै गरी महिला हिंसा के हो भन्ने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय महासभाले महिला विरूद्धको हिंसा सम्बन्धी कुनै पनि कार्यको परिणाम अथवा यस्तै किसिमका परिणामहरू जुन शारीरिक, यौनिक अथवा मानसिकरूपमा महिलाहरूलाई शोषण गरिनुका साथै व्यक्तिगत तथा सार्वजनिकरूपमा महिलाहरू माथि चुनौतीपूर्ण अर्थात् स्वतन्त्रताबाट वञ्चित हुने किसिमका अनियमित तथा दबाबमूलक कार्य गरिन्छ भने त्यसलाई महिला हिंसाको रूपमा लिइन्छ भनी उल्लेख गरेको देखिन्छ ।

नेपालको सन्दर्भमा महिला हिंसा भर्खरै मात्र प्रादुर्भाव भएको विकृति होइन । यो त पुर्स्तौं पुस्तादेखि नेपाली समाजमा हस्तान्तरित हुँदै आएको नकारात्मक जड हो। फरक यति मात्रै देख्न सक्छौं हामी । ताकि यसले विभिन्न समय कालखण्डमा आफ्नो रूप भने पक्कै परिवर्तन गर्दै आएको छ।

महिला हिंसालाई अझ स्पष्टीकरण दिने सन्दर्भमा सन् १९९३ को यूएन घोषणापत्रले लैङ्गिक हिंसा महिला र पुरूषबीचमा ऐतिहासिकरूपमै घोषणा गरि एको असमान शक्तिसम्बन्ध हो । जसले महिलालाई शशक्तीकृत हुनमा रोकावट पैदा गर्नुका साथै पुरूषद्वारा महिलामाथि गरिने भेदभावमा थप बल प्रदान गर्छ भने यसले एक संकटयुक्त सामाजिक संयन्त्रको रूपमा तुलनात्मक तवरले महिलाहरूलाई बलजफ्ती पुरूष सहयोगीको स्थान दिइन्छ भनी महिला हिंसाको वृहत् परिभाषा दिएको छ।

तसर्थ महिला हिंसा अर्थात् लैङ्गिक हिंसा नेपाली समाजको एक निकृष्ट रूप हो । जसले २१ औं शताब्दीको अत्याधुनिक प्रविधिगत र समतामूलक समाजमाथि नै प्रश्नवाचक चिन्ह खडा गरिदिएको छ।

### *नेपालमा महिला हिंसाको वर्तमान स्थिति*

समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न तत्त्वले भूमिका निर्वाह गरिरहेका हुन्छन्। नेपालको सन्दर्भमा कुल जनसत्त्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाको सिकार भइरहेका छन्। परम्परागत धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानुनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिँदैन।

देशमा धेरै ठुला राजनीतिक परिवर्तन भएका छन् तर ती परिवर्तनलाई निर्णायक बिन्दुमा पुऱ्याउन आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन। समाजमा व्याप्त पितृसत्तात्मक सोच, अन्धविश्वास, पुरातन संस्कार एवं परम्परा, विभेदपूर्ण कानुन, लैङ्गिक असमानता, आर्थिक परनिर्भरता, अशिक्षा, गरिबी, नीति निर्माणको तहमा महिला प्रतिनिधित्वको न्यूनताजस्ता विषय नै महिलामाथि हिंसा हुनुका प्रमुख कारणकारूपमा देखिएका छन्।

पितृसत्तात्मक नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहार अहिले पनि जारी छ । महिला र पुरूषबीच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिलामाथि हिंसा भइरहेको छ। महिलामाथि हत्या, बलात्कार, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, कुटपिट, आगो लगाउने, विष ख्वाउने, एसिड खन्याएर कुरूप बनाउने, दैनिक घर–व्यवहारमा भेदभाव गर्ने, संस्कार एवं परम्पराका नाममा अधिकारबाट वञ्चित गर्ने–गराउने, आत्मसम्मानमा चोट पुग्ने बोली र व्यवहार गरिने आदि घटना भइरहेका छन् ।

२०६८ सालको जनगणना अनुसार नेपालको ५१.५ प्रतिशत जनसत्त्याको हिस्सा महिलाहरूले ओगटेको पाइन्छ । आधाभन्दा बढी महिलाहरूको जनसत्त्या रहे पनि पितृसत्तात्मक सोचका कारण महिला हिंसा दिनानुदिन बढ्दै गएको छ । जसको प्रमाणकोरूपमा महान्यायाधिवक्ताको कार्यालय र प्रहरीको तथ्याङ्कलाई लिन सकिन्छ ।

महान्यायाधिवक्ता र प्रहरीको तथ्यांकअनुसार दिनमा ६ महिला बलात्कृत हुन्छन्। जसमा बलात्कृत बालिकाको सत्त्या डरलाग्दो गरी बढिरहेको छ। आर्थिक वर्ष ०७०/७१ मा ५५९ बालिका बलात्कारको सिकार भएका थिए । गत वर्ष यो सत्त्या १,३९३ पुगेको छ। चालू आवको असोजसम्म सात सय २२ महिला बलात्कृत भएको प्रहरीको तथ्याङ्क छ ।

बालविवाह, बहुविवाह, घरेलु हिंसा र बोक्सीको आरोपमा यातना दिने क्रम घटेको देखिएन। नेपाल प्रहरीका अनुसार घरेलु हिंसाको विगत पाँच वर्षको विश्लेषण गर्दा आ. व. २०७१/७२ मा ८,२८६ रहेकोमा आ.व. २०७४/७५ मा आइपुग्दा १२,२२५ घटनाहरू घटेको देखियो । ग्लोबल लैङ्गिक ग्याप सूचकाङ्क २०१६ अनुसार लैङ्गिक समानतामा नेपाल १४४ राष्ट्र मध्ये ०.६६१ अंक सहित ११० नम्बरमा पर्दछ ।

नेपालले महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मूलन गर्ने सम्बन्धी महासन्धी अनुमोदन गरेको छ। यद्यपि व्यवहार र प्रवृत्तिमा महिलाप्रति सकारात्मक दृष्टिकोण अझै विकास हुन सकेको छैन। महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई प्रोत्साहन गर्ने सुखद कानुनी व्यवस्था हुँदाहुँदै पनि सामाजिक संस्कार र संरचना एवं सङ्कीर्ण सोचाइका कारण गुणात्मक सुधारले फड्को मार्न सकेको छैन ।

महिला हिंसा न्यूनीकरणका उपायहरू नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिकताको विषय उठाएको, मौलिक हकहरू (समानताको हक, महिलाको हक, बालबालिकाको हक) को व्यवस्था गरिएको, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६, मुलुकी अपराध संहितामा बलात्कारलाई गम्भीर अपराधको रूपमा परिभाषित गरिएको, नेपालले महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मूलन गर्ने सम्बन्धी महासन्धि अनुमोदन गरेको, नेपाल संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का घोषणाहरू १३२५ र १८२० को कार्यान्वयनका लागि कार्य योजना बनाउने दक्षिण एसियाकै पहिलो राष्ट्र भएता पनि कार्यान्वयन पक्ष भने फितलो नै देखिन्छ । महिला ओसारपसार तथा मानव बेचबिखनका घटनाहरू नियन्त्रणमा आउन सकेका छैनन् ।

बढ्दो बेरोजगारी र श्रमको उचित कदर नहुँदा मानिसहरू देश बाहिर रोजगारको खोजीमा जाने क्रम बढ्दो छ। जसमा महिला कामदारहरूको स्थिति त झन् हाम्रो आँकलन भन्दा सयौँ गुना

बाँकी पेज ३ मा

## नेपालमा महिला हिंसा .....

भयाभह छ । जसको कारण महिला कामदारहरूको अवस्थिति अत्यन्त दयनीय प्रकृतिको देखिन्छायस सन्दर्भमा महिला हिंसा न्यूनीकरणका लागि निम्नानुसारका उपायहरू अवलम्बन गर्न उचित देखिन्छ ।

क) दिन प्रतिदिन बढ्दै गएको हत्याहिंसा बलात्कार का घटनाले असुरक्षा, अशान्ति र दण्डहीनतालाई बढावा दिएकोमा यसको अन्त्यका लागि राज्य जिम्मेवार बनी मानव अधिकारको रक्षा गर्न अग्रसर हुन जरूरी छ ।

ख) पछिल्लो समय दैनिक औसत ६ जना महिलामाथि बलात्कार हुने गरेको तथ्याङ्कले देखाएको छ । तर दोषीलाई कारबाही भएको छैन। त्यसैले अपराधीलाई कानुनको दायरामा ल्याई मुलुकी अपराध संहिता २०७४ ले गरेको व्यवस्था अनुरूप सजाय दिलाएर पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गरिनुपर्छ ।

ग) तीन तहको सरकारले समाजमा यस्ता आपराधिक घटना हुन नदिन र जनताको जीवन र क्षाको जिम्मा लिनुपर्छ। तर यहाँ कतिपय जिल्लाका स्थानीय जनप्रतिनिधिको रोहबरमा बलात्कार घटना मिलापत्र गरेको देखिन्छ।

घ) बलात्कारपछि महिलाको हत्या गर्ने र प्रमाण नष्ट गर्ने प्रवृत्ति बढ्दो छ। पीडितको न्यायमा पहुँच छैन भने न्याय प्रणाली पनि छिटो छरितो छैन। भएका नीति नियमको कार्यान्वयन पक्ष कमजोर, अनुसन्धान पद्धति फितलो छ। समाजले पनि पीडितलाई हेयको दृष्टिकोणले हेर्ने, पीडक पक्ष चाहिँ अराजक रूपमा बारम्बार अपराध गर्दै छुटकारा पाउने प्रवृत्ति हाबी छ। त्यसैले आजको आवश्यकता द्रुत न्यायिक प्रणाली हो।

ङ) अहिलेसम्म रेप केसमा पीडितको प्रमाण नष्ट गर्ने, यथेष्ट प्रमाण जुटाउन नसकिएको देखिएको छ। जसले गर्दा दोषीलाई सजाय दिलाउन अप्ठ्यारो परेको देखिन्छ। त्यसैले अनुसन्धान प्रक्रियामा सुधार गरिनु जरूरी छ।

च) महिला आफूमा नै कसरी सुरक्षित रहने भन्ने चेतना जागृत भएन भने हत्या हिंसाको घटना भइरहन्छन्। त्यसैले महिलालाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र शैक्षिक सबै क्षेत्रमा सशक्तीकरण गर्न जरूरी छ।

छ) महिला हिंसा न्यूनीकरण गर्न परिवार र समाजको उत्तिकै दायित्व हुन्छ। जबसम्म सिङ्गो परिवार र समाज यस्ता आपराधिक घटनाविरूद्ध सजग, सचेत र आन्दोलित हुँदैनन् तबसम्म यस्ता घटना न्यूनीकरण गर्न सम्भव छैन।

ज) महिला र पुरूष यहीँ समाजका उपज हुन्। यहीँ समाजबाट नै महिलामाथि हिंसा भइरहेको छ। यौन जघन्य अपराध हत्या, हिंसाका विरूद्ध पुरूषकै नेतृत्वमा जनचेतना अभियान सञ्चालन गर्न सकियो भने महिला हिंसालाई केही रूपमा न्यूनीकरण गर्न सकिन्छ ।

### उपसंहार


कानुनी तथा नीतिगतरूपमा महिला अधिकारको प्रवर्द्धन सकारात्मक तवरले अगाडि बढेको देखिएता पनि व्यवहारिक रूपमा समाजमा अझै लैङ्गिक विभेद, महिला हिंसा लगायतका विभेदका स्वरूपहरू प्रज्वलनशील नै छन्। आर्थिकरूपमा महिलाहरूको पुरूष प्रतिको निर्भरता आज पनि व्यापक मात्रामा सुधार हुन सकेको छैन।

घरायसी कामलाई अनुत्पादनमूलक कामको रूपमा लिइनु, असामाजिक मूल्य मान्यता एवम् व्यवहारतः विभेद, दमन, शोषण, अन्याय, अत्याचार र बहिष्करण आदि जस्ता पक्षहरूको सिकार आज पनि नेपाली महिलाहरू हुँदै आएको देखिन्छ।

तसर्थ हामीले महिला हिंसा विरूद्धको १६ दिने अभियान मनाइरहेको सन्दर्भमा यसको न्यूनीकरणका लागि महिला प्रतिको हाम्रो व्यक्तिगतदेखि घरायसी दृष्टिकोण परिवर्तन गर्न तथा कानुन कार्यान्वयन गर्ने सन्दर्भमा सबैले हातेमालो गर्न आवश्यकता देखिन्छ।

## स्वास्थ्य

# पानी : सहज स्वास्थ्य उपचार




शरीर स्वस्थ रहन पानीको मात्रा सन्तुलित हुनुपर्छ। व्यक्तिको कार्यक्षमता विकास, आकर्षक व्यक्तित्व, निद्रा, मानसिक तन्दुरूस्तीका लागि पानीको ठूलो भूमिका हुन्छ।

शरीरको कुल तौलको ६० देखि ७५ प्रतिशत पानीले ओगटेको हुन्छ। शरीरका सबैभन्दा बढी रगतमा ८३ प्रतिशत र सबैभन्दा कम एडिपोस टिस्युहरूमा १० प्रतिशत पानी हुन्छ । यसैको मद्दतले रक्त सञ्चार नियमित गर्न र शरीरको तापक्रमलाई सन्तुलन गरी राख्न मद्दत मिल्छ।

मांसपेसी निर्माण, कोषिकाहरूमा रसायनिक प्रतिक्रिया गराउने कार्यमा पनि पानीको भूमिका रहन्छ। यसले शरीरमा अत्यावश्यक पोषणको काम गर्छ। पानीको अभावले शरीरमा अक्सिजनको कमी हुने, शरीरमा शिथिलता वा थकान महसुस हुने, कोषिकाहरूको निर्माण र तिनको कार्यमा अवरोध आउँछ।

विभिन्न उमेर समूह र अवस्थाका मानिसमा पानीको आवश्यकता फरकफरक हुन्छ। युरोपियन खाद्य सुरक्षा प्राधिकरणका अनुसार ६ महिनासम्मका शिशुलाई दैनिक ६८० मिलिलिटर (आमाको दूध मात्र) पर्याप्त हुन्छ भने ६ देखि १२ महिनाको बच्चाको लागि ८०० मिलिदेखि एक लिटर पानी प्रतिदिन आवश्यक पर्छ। यो क्रम उमेर बढेसँगै बढ्दै जाने हुन्छ।

दुई वर्षको बच्चाको लागि १२०० मिलि, दुईदेखि ३ वर्षको लागि १३०० र चारदेखि आठ वर्षको उमेरमा १६०० मिलि पानीको आवश्यकता पर्छ। पूर्वकिशोरा अवस्थाका केटाहरूलाई २१०० र केटीहरूलाई १९०० मिलि र उत्तर किशोरावस्थादेखि माथिका सबै पुरूषले अढाई र महिलालाई दुई लिटर पानी आवश्यक पर्ने उल्लेख छ ।

गर्भवती र स्तनपान गराउने महिलालाई करिब आधा लिटर पानी थप सेवन गर्न सिफारिस गरिएको छ । हरेक व्यक्तिको पेसा, व्यवसाय, शारीरिक अवस्था, वाह्य वातावरणीय अवस्था आदिका आधारमा पानीको मात्रा थपघट हुनसक्छ । जस्तो बढी परिश्रम हुने काम वा शारीरिक सुगठनको अभ्यास गर्नेहरूलाई पानीको आवश्यकता बढी हुन्छ भने गर्मी मौसममा बढी पसिनाबाट पानी निस्कने हुँदा पनि पानीको आवश्यकता बढी हुने गर्छ। जाडो मौसममा पानी पर्याप्त सेवन गर्नुपर्छ।

शरीरले खानाको माध्यमबाट करिब २० प्रतिशत पानी पाइरहेको हुन्छ। खानाको रूपमा ताजा तरकारी र फलफूल सेवन गर्दा शरीरलाई आवश्यक पानीको अलावा पर्याप्त पोषणतत्व पनि उपलब्ध हुन्छ। यस्ता खाद्य पदार्थले शरीरमा पानीको आवश्यक मात्रा संग्रह गरी सन्तुलनमा राख्न पनि मद्दत मिल्छ।

मानिसको स्वास्थ्यमा पानीको महत्वका सम्बन्धमा धेरै अनुसन्धान प्रकाशित भएका छन्। यसै वर्ष 'हाइड्रेसन फर हेल्थ' को बाह्रौं अन्तर्राष्ट्रिय गोष्ठी भर्चुअल माध्यमबाट सम्पन्न भयो। उक्त गोष्ठीमा सहभागी विज्ञहरूले पानी र स्वास्थ्यका विविध पक्षहरूमा चर्चा गरे। त्यसमध्ये पहुँचका सम्बन्धमा विश्वमा दुई अर्ब मानिसलाई पानीको सहज पहुँच नभएको तथ्याङ्क प्रस्तुत गरियो।

हामीलाई थाहा छ, पानीको उपलब्धता नै मानिसको सभ्यताको आधार हो। सभ्यताको विकाससँगै पानीको उपलब्धता भएका स्थानमा मानव वस्ती विकास भएको देखिन्छ। पर्याप्त (स्वच्छ) पानीको उपलब्धताले मानिसको शारीरिक तथा मानसिक अवस्था निर्धारण गर्छ। विश्वमा मोटोपना जनस्वास्थ्य समस्याको रूपमा देखा पर्दैछ। यस सम्बन्धमा नेपालमा पर्याप्त अध्ययन भएको छैन। यद्यपि, सहरका बालबालिकादेखि युवाहरूमा मोटोपनाको संख्या बढदो क्रममा छ। यो समस्या धेरैथोरै गाउँघरमा पनि देखिँदै छ। ऋाम रूपमा हामीले बुझेको कुरा भनेको अत्यधिक पोषणयुक्त खाना, शारीरिक श्रमको कमी वा कुनै खास रोगका कारण यो समस्या आउँछ भन्ने हो।

पछिल्लो समयमा क्रमिक रूपमा स्थापित भएको तथ्य भनेको शरीरमा पानीको सन्तुलन कायम रहँदा खानाको मात्रा नियन्त्रित हुने, पाचन प्रक्रिया राम्रो हुन गई मोटोपन घटाउन मद्दत मिल्ने अध्ययनहरूले देखाएका छन्। मोटोपनाको सम्बन्ध विविध खालका मानसिक समस्याहरूसँग पनि पाइएको छ। अतः यो कुचक्र तोड्ने सहज उपाय पर्याप्त स्वच्छ पानीको सेवन हुनसक्छ।

नेपालका स्कुल र कलेजहरूमा आवद्ध करोडभन्दा बढी विद्यार्थी पढाइ हुने दिनहरूमा पर्याप्त (स्वच्छ) पानी पिउन र चर्पीको प्रयोग गर्न पाउँदैनन्। यस्तो अवस्था देशका अन्य पेसा, व्यवस्थामा काम गर्ने लाखौं व्यक्तिको हकमा पनि लागू हुन्छ। कतिपय अवस्थामा विद्यालयमा उपस्थिति कम भएका घटना सुन्दै आएका छौं। नेपालमा विद्यालय, कलेजको स्तर आशातित सुधार हुन नसक्नुमा प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध पानीको उपलब्धतासँग गाँसिएको पाइन्छ। अतः विद्यालयवा समूहगत काम गर्ने स्थानहरूमा स्वच्छ पानी र सरसफाइको वातावरण निर्माण गर्नु आवश्यक छ।

पानीलाई स्वाद र रङविहीन हुन्छ भनिन्छ तर विभिन्न भौगर्भिक क्षेत्र हुँदै बहने पानीमा उक्त क्षेत्रका प्राकृतिक रसायन र लवणहरूको कारण पानीको स्वाद निर्धारण भएको हुन्छ। कुन मुल, झरना वा मुहानको पानी मिठो भन्ने चर्चा सुनिन्छ। कतिपय अवस्थामा माटो, तामा, काठको घैलामा संग्रह गरेको पानीमा मिठो स्वाद थपिन्छ। पानीको स्वाद बढ्दा त्यसको सेवन बढ्ने हुन्छ। अतः घर, विद्यालय, कार्यालय वा समूहगत कार्यस्थलमा (सुरक्षित) स्वाद थपेर वा पानीको वितरण प्रक्रियालाई आकर्षक बनाएर पनि यसको सेवनलाई बढाउन र जनस्वास्थ्य प्रबर्धन गर्न सकिन्छ।

मुत्रासयको संक्रमण, महिलाको पाठेघर झर्ने, पिसाब चुहिने जस्ता समस्या नेपाल लगायत अन्य देशमा पनि देखिन्छ। यस्तो समस्याका कारण मानिसले अत्यधिक शारीरिक पीडा, मानसिक यातनादेखि (उपचारमा) आर्थिक व्ययभार परिरहेको हुन्छ। हालका समयमा मुत्रासयको स्वास्थ्यको सम्बन्ध पानीको सन्तुलित मात्राको सेवनसँग जोडिएका अध्ययनहरू प्रकाशित भएका छन्। सबै राष्ट्रका लागि यस्तो समस्याको (आउनै नदिन) स्थायी र सुलभ समाधानको लागि दैनिक उचित मात्रामा पानी सेवनलाई परिवार, समुदाय र स्वास्थ्य संस्थाहरूमा प्रोत्साहन गर्नुपर्छ।

हालका दिनमा विश्वव्यापी रूपमा मिर्गौलाका रोगीहरू निकै बढेको पाउँछौं। पानी र मिर्गौलाको स्वास्थको सम्बन्धका सन्दर्भमा धेरै अध्ययनहरू प्रकाशित छन्। शरीरमा (लामो समय) पानीको कमी भएमा मिर्गौलालाई धेरै नकारात्मक असर पर्न थाल्छ। पानीको मात्रा कम हुँदा शरीरमा कोर्टिसोल जस्ता स्ट्रेस हर्मोन बढी उत्पादन हुन्छ। त्यसका अलावा पाचन रसायन (न्याल), आँशु जस्ता प्रतिजैविक प्रोटिन कम उत्पादन हुने गर्छ। यस्ता हर्मोन वा प्रोटिनको सम्बन्ध शरीरको प्रतिरक्षात्मक प्रणालीसँग सम्बन्धित हुन्छ।

त्यसका अलावा पानीको उचित मात्रा कायम हुन नसक्दा मुटु रोग लागेको तथ्यहरू प्रकाशित भएका छन्। इटलीको ट्रियास्टे विश्वविद्यालयको अध्ययनमा शरीरमा पानीको मात्रा कम हुँदा मुटुमा गम्भीर आघात पुग्ने र स्ट्रोक समेत हुनसक्ने तथ्य प्रकाशित भएका छन्। त्यस्तै अमेरिकाको टफ्स विश्वविद्यालयले गरेको अध्ययनमा वृद्धहरूको मुटुलाई बचाइराख्न पानीको ठूलो भूमिका पाइएको थियो। यस सम्बन्धमा पर्याप्त अध्ययन भएका छैनन तर पनि जनस्वास्थ्यको प्रबर्धन गर्न सस्तो र सुरक्षित उपाय हाम्रा सामु छन् भने त्यसको अनुसरण गर्न राज्य, समुदाय र परिवारले ढिला गर्नुहुन्न।

एउटा मिर्गौला रोगीको उपचार वा मुटु रोगीको उपचारमा लाग्ने प्रत्यक्ष वा अप्रत्यक्ष खर्चको तुलनामा स्वच्छ र सफा पिउने पानीको उपलब्धताको लागि लगानी नगन्य हुन्छ । पानीको मात्रा कमी भएको अवस्थामा शरीरले केही सूक्ष्म संकेत दिइरहेको हुन्छ। जस्तो प्यास लाग्नु, थकान महसुस हुनु, (टाउको दुख्नु) आदि। उक्त संकेतलाई बुझेर आवश्यक सावधानी अपनाउनु पर्छ। शरीरमा पानीको मात्रा एक प्रतिशतमात्र कमीले पनि प्यास लाग्ने गर्छ। यस्तो अवस्थामा तुरून्तै पानी उपलब्ध हुन सकेन भने शरीरमा अन्य लक्ष्यणहरू थपिँदै जान्छन् ।

पानीको मात्रा पर्याप्त नभएमा पिसाबको रङ पहेलो हुन्छ । पिसाबको रङ कुनै खाना वा औषधिको प्रभावले पनि बदलिन सक्छ तर यसैलाई मात्र आधार मान्न भने सकिँदैन। यस बाहेक प्रत्यक्ष सेवन गरेको पानी र पिसाब, पसिना आदि माध्यमबाट शरीरबाट निस्कने पानीको हिसाब गरेर सावधानीका उपायहरू अपनाउन सकिन्छ । पानी सेवन गर्ने विधिका सम्बन्धमा धेरै अध्ययनहरू प्रकाशित भएका छन्। एकै पटक धेरै मात्रामा पानी पिउनुभन्दा थोरैथोरै तर मात्रा अड्कलेर पानी पिउनु उचित हुन्छ। यसो गर्दा पिएको पानीलाई शरीरले आफ्नो सन्तुलन कायम पर्याप्त हुनेगरी कायम गरी राख्छ। अतः पानी पिउने गिलास वा कपमा अट्ने पानीको मात्रा र त्यसलाई सेवन गर्ने समय निर्धारण गर्न सक्दा राम्रो हुन्छ । खाना खानुभन्दा करिब आधा घण्टाअघि एक गिलास (करिब ३०० मिलिलिटर) पानी पिउने र खाना पनि रसिलो बनाएर खाने गर्नुपर्छ। खाना खाएको करिब आधा घण्टापछि पुनः एक गिलास पानी पिउनु राम्रो हुन्छ । बिहानको खाली पेटमा पानी पिउनु लाभदायक हुन्छ भने सुत्नुअघि पनि केही पानी पिउनु राम्रो हुन्छ। कतिपय रोग वा स्वास्थ्य समस्या भएका व्यक्तिले चिकित्सकको परामर्श अनुसार पानीको पिउने मात्रा र समय तय गर्नुपर्छ। कोभिड-१९ को महामारीको अवस्थामा पनि तातोपानीको सेवन (र, बारम्बार कुल्ला वा पानीको बाफ लिँदा) निकै आराम हुन्छ।

शरीरमा पानीको आवश्यकता पूर्ति गर्न सादा पानीको सेवन उत्तम हुन्छ। इसका अलावा ताजा फलफूलको रस, दूध-दही-मही, जडिबुटीयुक्त पेय पदार्थ आदि विकल्पको रूपमा प्रचलनमा रहेका छन्। तर विभिन्न नाममा बजारीकरण भइरहेका औद्योगिक पेय पदार्थ जस्तैः सोडा-चिनीयुक्त पेय, शक्तिबर्धक पेय, बियर आदिलाई पानीको विकल्पको रूपमा सेवन गर्नु कदापि हितकर हुँदैन ।

# मकवानपुरगढीले ल्यायो शिक्षकको किसिम अनुसारको स्वर्णिम अवकाश योजना

◆ विकास संवाददाता

पेन्सनको अवधि पुरा भएका तर उमेर हद नकटेका कारण पेशामै रहेका शिक्षकलाई लक्षित गर्दै मकवानपुरगढी गाउँपालिकाले स्वर्णिम अवकाश योजना ल्याएको छ । नयाँ पुस्तालाई शिक्षण पेशामा आकर्षित गरी समयानुकल शिक्षण गर्नका लागि कार्यक्रम ल्याएको पालिकाका अध्यक्ष विदुर हुमागाईंले बताए । २० बर्ष सेवा गरेर पेन्सन पाकेका तर ६० बर्ष उमेर नपुगेका कारण सेवामै रहेका शिक्षकलाई लक्षित गर्दै यो कार्यक्रम ल्याईएको हो ।

'अघिल्लो पुस्ताले राम्रो काम गर्नु भयो, उहाँहरूलाई धन्यवाद छ, अब समय अनुसार प्रविधि मैत्री रूपमा शिक्षण गर्न उहाँहरूलाई पनि समस्या पर्ने भएकाले नयाँ पुस्ता आकर्षित गर्नु पर्छ भन्ने तात्पर्यले हामीले यो योजना ल्याएका हौं' हुमागाईले भने 'ऐन नियमले गरेको व्यवस्था र विधिका आधारमा पालिकाले नयाँ पुस्ताका शिक्षक नियुक्ति गर्ने छ ।'

यसरी अवकासमा जान ईच्छुक शिक्षकलाई सेवा अवधिका आधारमा विभिन्न ५ वर्गमा विभाजन गरिएको छ । सोही अनुसार शिक्षकले राहत रकम पाउने छन् । तर राहत शिक्षकका हकमा भने जुन सुकै उमेर समूहकाले पनि प्रोत्साहन रकम पाउन सक्ने छन् । उनीहरूलाई कुनै पनि अवधि जरूरी नपर्ने व्यवस्था गरिएको छ ।



आठ बर्ष भन्दा बढी सेवा अवधि बाँकी भएका शिक्षकले पाँच लाख रूपैंया प्रोत्साहन रकम पाउने छन् भने पाँच देखी सात बर्ष सेवा अवधि बाँकी भएकाले चार लाख, दुई देखि चार बर्षकाले तीन लाख र एक बर्ष देखि दुई बर्ष सेवा अवधि बाँकी भएकाले दुई लाख रूपैंया प्रोत्साहन रकम पाउने छन् । राहत शिक्षकले भने एकमुष्ठ तीन लाख रूपैंया पाउने छन् । पालिका भित्र रहेका ४० सामुदायिक विद्यालय मध्ये नौ वटा माध्यमिक तहका विद्यालय छन् । यी सबै विद्यालयमा गरी एक सय १४ जना स्थायी शिक्षक छन् भने अस्थायी र राहत गरी एक सय एक जना रहेका छन् । यी मध्ये १० देखि १५ जनाले यो कार्यक्रममा भाग लिने अपेक्षा गरिएको पालिकाका शिक्षा शाखा प्रमुख रामबहादुर घलानले बताए ।

योजनामा सहभागी हुन चाहने शिक्षकले पुष मसान्त भित्र आवेदन दिनु पर्ने र एकपटक निवेदन दिए पछि फिर्ता लिन वा कार्यक्रममा भाग लिन्न भन्न नपाईने गरी सूचना जारी गरिएको पालिकाका सूचना अधिकारी युवराज पौडेलले बताए ।

# हेटौंडामा पाँच महिला स्वास्थ्य स्वम्सेवीकालाई सम्मान

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले २० मंसिरमा पाँच जना महिला स्वास्थ्य स्वम्सेवीकाहरूलाई सम्मान गरेको छ । १७ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका दिवसका अवसरमा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले सम्मान गरेका हुन् ।

'कोभिड–१९ को रोकथाम र स्वास्थ्यका लागि संयुक्त कार्यः महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाको भूमिका अपरिहार्य' भन्ने मुलनाराका साथ कार्यक्रम गरिएको हो । कार्यक्रममा बोल्दै मेयर महतले अहिलेको कोरोनाको समयमा स्वास्थ्यकर्मी र स्वयम्सेविकाको कामको उच्च मुल्याङ्कन गरे । सामाजिक क्षेत्रमा काम गर्दा आत्म सन्तुष्टि हुने बताउँदै उनले स्वयम्सेविकालाई आवश्यक सहयोग गरिने वबताए । आफु जनप्रतिनिधि हुँदा र नहुँदाको समयमा समेत सामाजिक क्षेत्रमानै रहेर काम गरेको वताउँदै मेयर महतले स्वयम्सेविकाले गरेका कामको समाजले मुल्याङ्कन गर्ने बताए ।

वर्षभरी आफ्ना क्षेत्रमा महत्वपुर्ण काम गरेको भन्दै हेटौंडा ५ की मिना चौरेल, हेटौंडा १० की भागिरथी चालिसे, हेटौंडा १२ का पार्वती नगरकोटी, हेटौंडा १४ की पार्वती नगरकोटी र हेटौंडा १५ की सोविता थापालाई मेयर महतले सम्मान गरे । कार्यक्रममा उपमेयर मिना कुमारी



लामा, प्रमुख प्रशासकिय अधिकृत नबराज घिमिरे, सामाजिक विकास महासाखाका प्रमुख भिम तिमल्सीना, जनस्वास्थ्य निरिक्षक भोला चौलागाई लगायतकाको आतिथ्यता रहेको थियो ।

# मकवानपुरमा प्रदेश सरकारकै सबैभन्दा बढि लगानीको पुल

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको लगानीमा निर्माण हुने सबैभन्दा ठूलो पुलको १८ मंसिरमा शिलान्यास भएको छ । मकवानपुरको हेटौंडा उपमहानगरपालिकाको ११ र १२ नम्बर वडालाई जोड्न राप्ती खोलामा निर्माण हुन लागेको दुईसय १५ मिटर लामो पुलको प्रदेशका मुख्यमन्त्री डोर मणि पौडेलले शिलान्यास गरेका हुन् ।

शिलान्यासका क्रममा मुख्यमन्त्री पौडेलले प्रदेश राजधानी समेत रहेको हेटौंडा शहरलाई विस्तारित गर्न पुलले भूमिका खेल्ने बताए । मुख्यमन्त्री पौडेलले सरकारले बाटो, घाटो र पुलसँगै प्रदेशको समग्र विकासमा फड्को मारेको उल्लेख गरे ।

कार्यक्रममा प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयालले वर्तमान सरकार विकासमैत्रि रहेको उल्लेखगर्दै गाउँगाउँमा विकासका पूर्वाधार निर्माण गर्नमा जुटेको बताए । हेटौंडा १२ का वडाअध्यक्ष ललित घलानले पुल निर्माणको योजना ल्याएर विकट क्षेत्रको रूपमा रहेको पदमपोखरी क्षेत्रलाई दोस्रो हेटौंडाको रूपमा परिणत गर्न प्रदेश सरकार र मुख्यमन्त्री पौडेलले भूमिका खेलेको उल्लेख गरे । हेटौंडा ११ का वडाअध्यक्ष गोकर्ण पराजुलीले पुलको निर्माणपछि हेटौंडाको मध्यबजार क्षेत्रको सवारी चापलाई कमगर्न सहयोग पुग्ने बताए ।

कूल रकम रू २६ करोड ४१ लाख ८७ हजार २०० मा निर्माण सम्पन्न हुने सम्झौता भएको पुल साविकको हेटौंडा ११ र साविकको पदमपोखरी गाविसलाई जोड्ने छ । पुल २१५ मिटर लामो र ११ मिटर चौडाइ भएको हुने जनाइएको छ । ४ वटा स्पान हुने पुलको गाडी हिड्ने भाग ७.५ मिटर तथा फुटपाथ १.५ मिटरको हुनेछ ।

पुलसँगै दायाँबायाँ ३ सय ५०, ३ सय ५० मिटरगरी ७ सय मिटरको सडक निर्माण हुनेछ भने दुबैतिरगरी ७ सय मिटर लामो तटबन्ध निर्माण हुने छ । प्रदेश सरकारको, भौतिक पूर्वाधार निर्देशनालयमार्फत निर्माण हुने पुल काठमाण्डौंको एलिट कन्स्ट्रक्सन प्रालिले निर्माणको ठेक्का पाएको निर्देशनालयका प्रमुख डा सहदेवबहादुर भण्डारीले जानकारी दिए ।

# अस्पताल सबैको साझा सम्पति ठाने सजिलै माथि उठ्छः मुख्यमन्त्री पौडेल




अस्पतालमा १ सय ४७ जनाको सेवा शुल्क बापत ७ लाख ४५ हजार आम्दानी गरी अस्पताल संचालन हुने खर्चमा ६५ प्रतिशत खर्च धान्न सफल भएको छ ।

◆ विकास संवाददाता

हेटौंडा-४ हुप्राचौरमा स्थित ऋतम्भरा वैकल्पिक स्वास्थ्य प्रतिष्ठानद्धारा संचालित पुनर्नवा अस्पताल (प्राकृतिक चिकित्सा) को २० मंसिरमा उद्घाटन भएको छ । गएको असार महिनादेखि सञ्चालनमा आएको अस्पतालको आज बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले उद्घाटन गर्नु गरेका हुन् ।

अस्पतालको उद्घाटन गर्नु हुदै मुख्यमन्त्री पौडेलले पुनर्नवा अस्पताल सबैको साझा सम्पति भएको र सबैको स्वामित्व हो भन्ने कुरा ग्रहण गर्यौं भने सजिलै अस्पताल माथि उठ्न सक्ने बताए । स्थापना भएको ५र६ महिनामै प्रगति राम्रो भएकोले अस्पतालको भविष्य उज्यालो रहेको र आफु सरकारमा भएपनि नभए पनि अस्पतालको विकासका लागि सदैव तत्पर रहने उहाँले प्रतिबद्धता समेत व्यक्त गरे ।

हालसम्म पुनर्नवा अस्पतालमा १ सय ४७ जनाले सेवा लिइसकेको अस्पतालका निर्देशक डा। दिपक पौडेलले बताए । १ सय ४७ जनाको सेवा शुल्क बापत ७ लाख ४५ हजार आम्दानी गरी अस्पताल संचालन हुने खर्चमा ६५ प्रतिशत खर्च धान्न सफल भएको समेत उनले बताए । प्रतिष्ठानको लक्ष्य अनुरूप कार्य गर्न राष्ट्रिय योजना आयोगबाट नवप्रवर्द्धन कार्यक्रमका लागि माग गरिएको सुचना अनुसारको ऋण रकम प्राप्त गर्न अस्पतालले प्रस्ताव समेत पेश गरेको छ ।

पुनर्नवा अस्पतालका अध्यक्ष ललितकुमार बस्नेतको सभाअध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशको प्रदेश सभाकी सदस्य मुनु सिग्देल, जुनेली माया श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, हेटौडा उपमहानगरपालिकाका प्रमुख हरी बहादुर महत, मकवानपुर जिल्ला सहकारी संघका निवर्तमान अध्यक्ष बद्री लम्साल, १२ नम्बर वडा अध्यक्ष ललित घलान लगायतको उपस्थिति रहेको थियो ।


अब हाम्रै थाहानगरको ओखरबजारमै

छपाईको शुभारम्भ

फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...

अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार

AARAV creation

DESIGN FLEX PRINT PHOTOGRAPHY

हाम्रा अन्य सेवाहरू

- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# जनप्रतिनीधिको उपस्थिती पालिकै पिच्छे अस्पताल



◆ विकास संवाददाता

मकवानपुर क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विरोध खतिवडाले मुलुकका सम्पूर्ण पालिकाहरूमा स्वास्थ्य उपचारको सहज पहुँच विस्तार का लागि अस्पताल निर्माण हुनु उल्लेख्य कार्य भएको बताएका छन् । खतिवडाले यस कार्यलाई जनमुखी विकासको संज्ञा दिएका छन् । आफूलाई संघीय सरकारको प्रतिनीधिको रूपमा नागरिकले निर्वाचित गराएको बताउँदै प्रतिनीधि सभा सदस्य खतिवडाले संघीय सरकारको नीति अनुसार नै थाहानगरमा १५ शैय्या अस्पताल शिलान्यास भएको बताए । थाहा नगरपालिका वडा नम्बर ४ क्याम्पा डाँडामा थाहा अस्पतालको शिलान्यास गर्दै सांसद खतिवडाले यस्तो बताएका हुन् ।

समस्या आएपछि मात्र समाधानको उपाय आउने बताउँदै खतिवडाले अहिलेको स्वास्थ्य सुरक्षासंग जुध्ने क्रममा स्थानीय तहहरूमा अस्पतालको अवधारणा आएको बताए । 'आज अस्पतालको जग राख्यौं, अब समयमै सम्पन्न गर्न सबै एकजुट हुनु पर्छ'–खतिवडाले भने, 'हिजोको व्यवस्थाभन्दा ४६ सालको राम्रो ४६ को भन्दा त्यसपछिका व्यवस्था राम्रो र अहिलेको नयाँ संविधान अनुसारका व्यवस्था अझ राम्रो छ ।" उनले निर्वाचनका बेला जनतामा लगिएको घोषणापत्रमा राष्ट्रको आम्दानीको ७० प्रतिशत पठाउने भनेको भएपनि त्यती पठाउन नसकेपनि पहिलेको तुलनामा विकास बजेट बढि पाएको बताए । जनप्रतिनीधि निर्वाचित भएको तीन वर्षमा परिवर्तनको महशुस जनताले गरेको बताउँदै खतिवडाले आफ्नो खाँचो र प्राथमिकता निर्धारण गर्न स्थानीय तह सक्षम भएकोले थप अवसरहरू सृजना भएको बताए ।

कार्यक्रमको विशेष अतिथी तथा बागमती प्रदेश सभा सदस्य कुमारी मोक्तानले निर्वाचनका बेला गाउँगाउँमा जाँदा जनताहरूलाई भनेका थियौं त्यसकै फलस्वरूप यो अस्पताल निर्माणको शिलान्यास भएको बताइन् । आमजनतालाई स्वास्थ्य उपचारमा सहज बनाउनका लागि थालिएको यो अभियान अर्थात अस्पताल चाँडै बन्ने कामना सदस्य मोक्तानको रहेको थियो । नागरिकलाई सहजै उपचार दिलाउन संघीय सरकारले स्थानीय तहहरूमा अस्पताल बनाउने अभियान थालेकोमा प्रदेश सांसद मोक्तानले आभार व्यक्त गरिन् ।

आम जनसरोकारको विषय कोट्याउँदै जनप्रतिनीधि आएपछि विकासमा केही न केही इट्टा थपिएको थाहानगर प्रमुख लवशेर विष्टको भनाइ रहेको थियो । प्रमुख विष्टको अध्यक्षतामा भएको शिलान्यास समारोहमा विकासकै अभियान स्वरूप थाहामा १५ शैय्या अस्पताल निनर्माण शुभारम्भ भएको बताए । थाहा अस्पताल ३३ रोपनी क्षेत्रमा फैलिएको जग्गामा निर्माण गरिन लागेको भएपनि ३ सय शैयाको निर्माण गर्ने भावी योजना प्रमुख विष्टले सुनाए । अहिलेलाई १५ शैय्या अस्पतालको विस्तृत परियोजना प्रस्ताव तयार गरिएको बताउँदै आगामि डेढ वर्षमा निर्माण सक्ने बताए । प्रमुख विष्टले भने–"देशभरका अस्पताल निर्माणमा सबैभन्दा पहिले थाहा अस्पताल सम्पन्न हुन्छ ।' थाहा नगरपालिकाले ९ लाख रूपियाँमा थाहा अस्पतालको विस्तृत परियोजना तयार गरेको समेत विष्टले बताए । शिलान्यास समारोहमा नगर उपप्रमुख खड्ग गोपालीले नागरिकहरू स्वास्थ्य सुरक्षाको लागि अस्पताल निर्माण थालिएको बताए । आम नागरिकको जीवनसंग जोडिएको स्वास्थ्य अधिकार दिलाउन अस्पताललको महत्वपूर्ण भूमिका हुने गोपालीको भनाइ थियो । थाहा अस्पताल १८ करोड ६ लाख ८२ हजार लागतमा निर्माण हुन लागेको हो ।

कार्यक्रममा नेकपा बागमती प्रदेश सचिवालय सदस्य विष्णु विष्ट आदर्श, प्रदेश सदस्य महेश्वर सुवेदी, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य चित्र बहादुर बलामी, थाहा नगरपालिकाका वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, नेकपा थाहानगर अध्यक्ष अरूण रायमाझी, नेपाली काँग्रेस थाहानगर सभापति योगेन्द्रमान श्रेष्ठ, जनता समाजवादी मकवानपुर–२ का इन्चार्ज इन्द्र बहादुर श्रेष्ठ, साझा पार्टी नगर अध्यक्ष माधव कार्की, मालपोत कार्यालय शिखरकोटका प्रमुख मधु लम्साल, नापी कार्यालय प्रमुख निर्जला थापा, नेपाल बैंक लि पालुङ प्रबन्धक यादब पौडेललगायत सरकारी तथा गैर सरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनीधिहरूको सहभागिता रहेको थियो ।

पलपलको खबरका लागि :
thahatimes.com

# चिस्यान केन्द्र उद्घाटन



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा रहेको पालुङ वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा निर्माण गरिएको चिस्यान केन्द्र उदुघाटन गरिएको छ । मकवानपुर जिल्ला सहकारी संघबाट संचालित सहकारी बजार विकास कार्यक्रमको सहयोगमा निर्माण गरिएको तरकारी तथा फलफुल चिस्यान केन्द्रको उद्घाटन गरिएको हो ।

चिस्यान केन्द्रको राष्ट्रिय सहकारी महासंघ नेपालका संचालक तथा जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष नारायण प्रसाद देवकोटाले उद्घाटन गरेका हुन् । सहकारी बजार बिकास कार्यक्रमको ७० प्रतिशत र सहकारी संस्थाको ३० प्रतिशत लागत साझेदारीमा चिस्यानकेन्द्रको निर्माण गरिएको व्यवस्थापक प्रकाश पौडेलले जानकारी दिए ।

सहकारी संस्थाका अध्यक्ष पुरूषोत्तम कार्कीको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा मकवानपुर जिल्ला सहकारी संघ लि.का निबर्तमान अध्यक्ष बद्रीप्रसाद लम्साल, उपाध्यक्ष मेनुका दाहाल, सचिव दिनेश उपाध्याय, कोषाध्यक्ष बिमलकुमार ढकाल, संघका ब्यवस्थापक गोबिन्द दाहाल, कार्यक्रम संयोजक शिबहरि दाहाल लगायत सहकारी संस्थाका पदाअधिकारीहरूको उपस्थिती रहेको थियो । सो कार्यक्रममा सहकारीका अध्यक्ष कार्कीले संस्थाले गरेको कार्यहरूको विषयमा अतिथि तथा उपस्थित व्यक्तिहरूलाई जानकारी गराएका थिए ।

करिब ७५ करोड कर्जा लगानी तथा करिब ५५ करोड बचत रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.को १६ मंसिरबाट घुम्ती साधारण सभा संचालन भइरको छ ।

# शिलान्यास गरियो

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका ३ मा रहेको जनशक्ति कृषक सहकारी संस्था लिमिटेडको तरकारी तथा फलफूल संकलन केन्द्रको एक कार्यक्रम बीच शिलान्यास गरिएको छ । राष्ट्रिय सहकारी महासंघका संचालक तथा मकवानपुर जिल्ला सहकारी संघ लि.का अध्यक्ष नारायणप्रसाद देवकोटाले संकलन केन्द्रको शिलान्यास गरेका हुन् ।

सहकारी संस्थाका अध्यक्ष बिमल केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मकवानपुर जिल्ला सहकारी संघ लि.का निबर्तमान अध्यक्ष बद्रीप्रसाद लम्साल, उपाध्यक्ष मेनुका दाहाल, सचिव दिनेश उपाध्याय, कोषाध्यक्ष बिमलकुमार ढकाल, सदस्य बिमला कार्की, संघका ब्यवस्थापक गोबिन्द दाहाल, कार्यक्रम संयोजक शिबहरि दाहाल लगायतको उपस्थिति रहेको थियो ।

# गाँजा खेतीको कानूनी मान्यताको लागि बाटो खुल्दै

◆ विकास संवाददाता

गाँजा खेतीको कानूनी मान्यताको लागी अन्तराष्ट्रिय स्तरबाट कानूनी बाटो खुलेको छ । मकवानपुर क्षेत्र नम्बर २ का सांसद विरोध खतिवडा सहितका ६५ जना सांसदले गाँजा खेतीलाई कानूनी मान्यता दिनका लागि संघीय संसदमा सार्वजनिक महत्वको प्रस्ताब दर्ता गराएका थिए । त्यसको टुंगो संघीय संसदले लगाउनुत परैको कुरा । यसले संसदमा छलफल समेत हुन पाएको छैन ।

तर, जुन बहस संन्चाल गर्दै संसदमा गाँजा खेतीको कानूनी मान्यताको लागि सार्वजनिक महत्वको विधेयक नै दर्ता गरेकोमा अब यसको लागी बाटो खुल्ला भएको सांसद खतिवडाले बताए । विश्व स्वास्थ्य संगठनले ३ बर्ष अगाडी नै संयुक्त राष्ट्र संघलाई गाँजालाई लागू औषधको सुचीबाट हटाई यसलाई औषधिय गूण भएको बनस्पतिको सूचीमा राख्न पत्र लेखेको थियो । सो प्रक्रियालाई संयुक्तराष्ट्रसंघले आफ्नो सदस्य राष्ट्रहरूको बिचमा छलफलमा पठाएको थियो । छलफलपछीको मतदानबाट गाँजाले कानूनी मान्यता पाएको छ । यो कदम स्वागत योग्य रहेको वताउँदे सांसद खतिवडाले भने–'यो कदमपछी मकवानपुर सहित देशैभरी फाइदाजनक निर्णय भएको छ । अब नेपाल सरकारलाई गाँजा खेती गर्नका लागि कानूनी मान्यता दिनका लागि अन्तराष्ट्रिय स्तरको कुनै दबाब समेत हुँदैन ।'

विश्व स्वास्थ संगठनको प्रस्तावमा संयुक्त राष्ट्रसंघको यो निर्णय स्वागत योग्य र नेपालको निम्ती अझै राम्रो निर्णय भएको सांसद खतिवडाले बताए । नेपाल सहित ५३ सदस्य देश को बैठकले गाँजा भाङलाई लागू औषध नभइ औषधिजन्य वनस्पति हो भन्ने पक्षमा (२७–२५) भोटले निर्णय गरेको छ । यो निर्णयपछी प्रतिक्रिया दिदै सांसद खतिवडाले भने–'म सहित धेरै साथीहरूले चलाएको यो अभियानले सफल्ता पाएको छ । अब नेपाल सरकारले ढिलो नगरी गाँजामा प्रतिबन्ध लगाएको कानुन संसोधन गरि नेपाली गरिब किसानलाई डर होईन डलर–जेल होईन जीवन दिइ देशको अर्थतन्त्र बलियो बनाइ समृद्धिको यात्रा सुरू गर्नु पर्छ । यो अभियानमा मलाइ साथ दिनुहुने सबैलाई धन्यवाद ।' गाँजा भाङबाट १५ सय भन्दा बढि औसधि, कपडा, खाद्य पदार्थ निर्माण गर्न सकिन्छ ।

नेपालमा ब्यापक छलफल बहस पश्चात नेपालले पक्षमा मतदान गर्ने निष्कर्षमा पुगेको थियो । संयुक्त राष्ट्र संघको कमिसन अन नार्कोटिक ड्रगमा सचिवालयमा ५३ सदस्य हुन्छन । नेपाल पनि भोट हाल्न पाउने सदस्यको रूपमा छ । नेपाल सरकारको निर्णय र आदेशमा जेनेभामा रहनु भएका राजदुत प्रकाश कुमार सुबेदीले पक्षमा मतदान गर्नुभएको थियो । नेपाल लगायत २७ मुलुकले लागुपदार्थ सम्बन्धी अन्तरराष्ट्रिय सन्धिमा गाँजा प्रतिबन्धलाई खुकुलो बनाउने प्रस्तावको पक्ष मा मतदान गरेका छन । यो प्रस्ताव बहुमतले पारित भएसंगै गाँजा खेती गर्न अन्तराष्ट्रिय स्तरबाट बाटो खुलेको हो ।

बुधबार भएको मतदानमा यूएनसीएनडीका ५३ सदस्यमध्ये २७ मुलुकले पक्षमा र २५ ले विपक्षमा मतदान गरेका छन् । गाँजालाई हानिकारक लागुऔषधको सूचीबाट हटाउनुपर्ने पक्षमा नेपालले पनि मतदान गरेको छ । त्यस्तै



पक्षमा मतदान गर्नेमा अमेरिका, बेलायत, भारत, अस्ट्रेलिया, थाइल्यान्ड, क्यानडा, बेल्जियम, फ्रान्सलगायत मुलुक छन् ।

गाँजालाई हानिकारक लागुऔषधको सूचीबाट हटाउन नहुने पक्षमा मत हाल्नेमा ब्राजिल, चीन, अफगानिस्तान, पाकिस्तान, जापान, इराक, लिबिया, रूस, क्युबा, हंगेरीलगायत मुलुक छन् । मतदानमा युक्रेन भने अनुपस्थित रहेको थियो । राष्ट्रसंघीय लागुऔषधसम्बन्धी आयोगले सन् १९६१ महासन्धिको अनुसूची ४ मा रहेको गाँजालाई अनुसूचीमा १ मा छुट्टै राख्ने गरी संशोधन गरेको हो । यसको अर्थ गाँजालाई वैधानिकता प्राप्त भएको भने होइन । यो व्यवस्थाबाट गाँजालाई हानिकारक लागुऔषधको सूचीबाट हटाउँदै यसको औषधिजन्य गुण र वनस्पतिका रूपमा लिने विषयको वकालत भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएको छ । यसबाट विभिन्न रोगको निदान र औषधिको विकासमा सहयोग पुग्ने बताइएको छ । यसअघि सन् २०१९ मा डब्लूएचओले लागुऔषधसम्बन्धी सन्धि पुनरावलोकनका लागि ६ वटा सुझाव दिएको थियो । सन् २०१९ कै मार्चमा यस विषयमा मतदान गर्ने भनिए पनि केही मुलुकले अध्ययनका लागि समय माग गरेपछि मतदान सरेको थियो ।

अमेरिकाले गाँजाको सुरक्षित र प्रभावकारी प्रयोग भए यसले विभिन्न रोगको निदानमा सघाउन पुग्न सक्ने बताएको छ । त्यस्तै विपक्षमा मतदान गरेको जापानले भने गाँजाको गैर चिकित्सकीय प्रयोगले स्वास्थ्यमा मात्रै नभएर सामाजिक रूपमा समेत प्रभाव पार्ने बताएको छ । यसले विशेष गरी युवा पुस्तालाई असर पुग्ने जापानको तर्क छ । अमेरिकामा गत महिना भएको चुनावमा अमेरिकाका चार राज्य न्युजर्सी, साउथ डकोटा, मोन्टाना र एरिजोनाले गाँजाको प्रयोगलाई वैधानिकता दिने पक्षमा मतदान गरेका छन् । योसँगै गाँजालाई वैधानिकता दिने राज्यको संख्या १५ पुगेको छ ।

विश्वमा वैधानिक र अवैधानिक रूपमा गरी गाँजाको ठूलो कारोबार हुने गरेको बताइन्छ । कोवेन बैंकले गरेको एउटा अध्ययन अनुसार सन् २०२५ सम्म चिकित्सकीय प्रयोग र रमाइलोका लागि समेत गरी करिब ३४ अर्ब अमेरिकी डलर बराबरको गाँजा खपत हुने अनुमान गरिएको छ । नेपालमा पनि पछिल्लो समय गाँजालाई वैधानिकता दिने विषयमा बहस भइरहेको छ । नेपालको माटो गाँजा खेतीका लागि राम्रो रहेको, गाँजाबाट किसानले मनग्य आम्दानी गर्न सक्ने दलिल पेस गर्दै केही जनप्रतिनिधिले यसमाथिको प्रतिबन्ध हटाउनुपर्ने माग राख्दै आएका छन् । मकवानपुरका सांसद विरोध खतिवडाको समर्थनमा पूर्वकानुनमन्त्री तथा सांसद शेरबहादुर तामाङले गाँजा खेती गर्न छुट दिनुपर्ने भन्दै प्रतिनिधिसभामा प्रस्ताव दर्ता गराएका थिए ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# हार्दिक आभार

पालुङ जेसीज वर्ष २०२१ को अध्यक्ष पदमा मलाई निर्वाचित गराउनका लागि महत्वपूर्ण भूमिकामा रहनुहुने मेरा सम्पूर्ण जेसी मतदाताहरु, पूर्व अध्यक्षहरु, स्थानीय संघसंस्था, बुद्धिजीवी तथा आम जेसीज सदस्यहरुमा यस महत्वपूर्ण कार्यमा म प्रति देखाउनु भएको सदासयताको उच्च मूल्याङ्कन गर्दै **हार्दिक आभार** व्यक्त गर्दछु साथै, आगामि दिनहरुमा समेत तपाईहरु सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।



अध्यक्ष
**नवराज लामा**
पालुङ जेसीज
वर्ष २०२१


# 'योजनालाई प्राथमिकतामा राख्छु'-उपाध्यक्ष कँडेल

◆ विकास संवाददाता



राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राध्यापक डाक्टर पुष्पराज कँडेलले मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ को फेदीगाउँ त्रिवेणी बस्ती बचाउ (तटबन्धन) नागरिकहरूको आवश्यकताको योजना भएको बताएका छन् । १५ मंसिरमा थाहानगर आइपुगेका उपाध्यक्ष कँडेलले फाँटजारमा भएको संक्षिप्त छलफल कार्यक्रममा यस्तो बताएका हुन् ।

थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टको उपस्थितीमा भएको कार्यक्रममा उपाध्यक्ष कँडेलले चाल् आर्थिक वर्षमा अधिकांश क्रमागत योजनाहरूलाई निरन्तरता दिनू परेकोले प्रस्ताव अनुसार नयाँ परियोजनाहरू संचालन गर्न नसकिएको बताए । "पटकपटक नगर प्रमुख विष्टसंग तटबन्धनको विषयमा योजना आयोगमै छलफल भएको छ, यो योजना विशेष अनुदान मार्फत संचालन हुन सक्छ", उनले भने "पहिले जस्तो योजना आयोगमा बजेट धेरै हुँदैन राष्ट्रिय महत्वको योजनालाई हामी बजेट विनियोजन गर्छौं ।"

समपुरक र विशेष अनुदान मार्फत ठूला योजना संचालन गर्ने बताउँदै कँडेलले आगामि आर्थिक वर्षका लागि यहि मंसिरमै योजना आव्हान हुने र पौष महिनाभरीमा दरखास्त हाल्न सकिने बताउँदै फेदीगाउँ त्रिवेणी तटबन्धन योजनालाई पहिलो प्राथमिकतामा राख्ने प्रतिवद्धता व्यक्त गरे । योजना आयोगमा मुलुकभरबाट योजनाको प्रस्ताव पर्ने र त्यसको योजना छनोटका लागि छुट्टै संयन्त्र भएको समेत उनले बताए । उनले भने "म फिल्डमै आएको छु, म टिममा कुरा पनि गर्छु, यहाँ योजना आवश्यक महशुस भएको कुरा गर्छु ।"

फेदीगाउँ त्रिवेणी तटबन्धनको थाहा नगरपालिकाले विस्तृत परियोजना प्रस्ताव तयार गरिसकेको नगर प्रमुख लवशेर विष्टले जानकारी दिए । १४ करोडको विस्तृत परियोजना प्रस्ताव (डिपिआर) तयार भएको छ ।


# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं. १९८४/०२/१३



स्वर्गारोहणः वि.सं. २०७७/०८/१४

स्व. श्रीमती गुजुमाया श्रेष्ठ

हाम्रो यस समूहका सक्रिय सदस्य रामेश्वर श्रेष्ठ, लिला श्रेष्ठ, भिमकृष्ण, श्रेष्ठ तथा सुरेन्द्र श्रेष्ठका ममतामयी माता **श्रीमती गुजुमाया श्रेष्ठ**को ९४ वर्षको उमेरमा देहावशान भएको हुँदा मृतात्माको चीर शान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रप्त होस् भन्ने कामना गर्दछौं ।

**मधुकर वित्रम श्रेष्ठ**
**(अध्यक्ष)**
**पालुङ कृषि तथा पशुपंछी कृषक समूह परिवार**
*थाहा-२ मकवानपुर*


# इन्द्रसरोवरमा जिससको अनुगमन

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ रघुनाथ खुलालले स्थानीयतहहरूमा भएका कामहरूको व्यवस्थित अभिलेखिकणमा ध्यान दिन सुझाव दिएका छन् । जिल्लाको ईन्द्रसरोवर गाउँपालिकामा चालु आर्थिक वर्षको पहिलो चौमासिकको अनुगमन तथा समिक्षाका क्रममा उनले गाउँपालिकामा भएका कामहरूको व्यवस्थित अभिलेखिकण गर्न सुझाव दिए ।

प्रमुख खुलालले स्थानीय तहहरूमा थुप्रै कामहरू भएका छन्, तर, ती कामहरूको अभिलेखिकरण र सार्वजनीकिकरण नहुँदा भोली के गरैं भन्ने कुरा भन्न नसकिने अवस्था आउने हुँदा समयकै त्यस तर्फ ध्यान दिन जरूरी रहेको बताए । हिजोका दिनमा स्थानीय तहहरूमा कर्मचारी अभावका कारण पनि अभिलेखिकरण गर्न नसकिएको भए पनि अब त्यस्तो अवस्था नरहेको भन्दै सबै कामको व्यवस्थित अभिलेख राख्न सुझाव दिए ।

कार्यक्रममा जिसस उपप्रमुख भगवती पुडासैनीले प्रष्ट र व्यवस्थित अभिलेखिकरणसंगै कार्यालय व्यवस्थापनमा समेत स्थानीय तहहरूले ध्यान दिनुपर्ने बताए ।


## NOVEL CORONA VIRUS (nCOV)
सर्बसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेलकोरोनाभाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने

**नोवेल कोरोना भाइरस भनेको के हो ?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन् ?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस विषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी